# मगर समुदायको लोक संस्कृतीको अवस्था र चुनौतिहरु



✍ विष्णु कुमार सिङ्जाली
(सिंजापतिमगर)
bishnusinjali@hotmail.com

## १. विषय प्रवेश

मानव समाज संस्कृती र संस्कारको निर्माता तथा अनुयायी हो । परम्परादेखि चलन चल्तीमा रहेका समाजका मार्गनिर्देश गर्ने संस्कारहरु मानव समाजमा पाईन्छ । अर्कोतर्फ यस्ता लोक संस्कृतीहरुले मानव समुदायको पहिचान (Identity) पनि दिन्छ । कुनै पनि समुदाय/जाति मानव समाजमा छुट्टै पहिचान बचाउन वा छुट्टयाउन उसको लोक संस्कृतीको महत्व हुन्छ । हामी नेपालीहरु भारतीय भन्दा भिन्न छौं भन्न हाम्रा लोक संस्कृतीहरुले प्रष्ट पारेको छ । अर्को तर्फ कुनै देश, क्षेत्र वा राज्यमा मानव समाजलाई एकताको सुत्राधार लोक संस्कृतीले गर्दछ । जब धैरै समुदायको लोक संस्कृतीले एक-अर्कामा समिप्यमा राख्दछ, सम्मान गर्दछ, राम्रा मुल्य मान्यतालाई अबलम्बन गर्दछ तब सांस्कृतीक एकताको वातावरण बन्दछ । यसको बावजुद कुनै पनि वर्ग वा जातिको एकल संस्कृती लाद्ने प्रयाश भयो भने विभाजनको रेखाहरु कोरिँदै जान्छ, विभाजनले राज्य कमजोर बन्छ ।

लोक संस्कृतीले कुनै पनि समुदायको जीवनशैलीलाई बुझाउँदछ । यो ऐतिहासिक रुपमा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रुपमा हस्तान्तरण भएको हुन्छ, यो समुदायको नयाँपन (novalty) माथी "परम्परागत रुपमा" प्रस्तुती देखाउँदछ, जसले समुदायको चेतनाको विवरण पनि प्रदान गर्दछ (www.wikipedia.org)।

कुनै पनि आदिबासी/जनजाति वा जाति हो भनि प्रमाणित गर्ने कुराहरुको समग्र नै लोक संस्कृती हो । लोक संस्कृतीका तत्वहरु (components) मा उनीहरुको खानपान, पहिरन, चाडपर्ग, पुजाआजा, गीत संगित/नाचगान, क्रियाकलाप, शिक्षण, बसोबास, विश्वास तथा परम्परागत संस्कारहरु आदि पर्न सक्दछन् यस अध्ययन लेख (कार्यपत्र)मा सके सम्म मगर समुदायको लोक संस्कृतीलाई सरसर्ती उल्लेख गर्ने प्रयाश गरिएको छ, यद्यपी यहाँ धैरै कुराहरु छुटेका हुन सक्दछन् ।

## मगर समुदायका बारेमा

मगरहरु भारतीय महादिपका प्राचिन जातिहरु हुन् । नेपालको सन्दर्भमा जनसंख्याको हिसाबमा तेस्रो धैरै जनसंख्या भएको र आदिवासी जनजातिहरु मध्ये बढी जनसंख्या भएका *(CBS 2001)* मंगोलीयन शारीरिक बनावट भएको जाति हो । यिनिहरुको आफ्नै मातृभाषा छ, जसलाई टिबटीयन-बर्मेली भाषीक बर्गमा बर्गिकरण गरिएको छ *(Dr. Harka Gurung, 1998, P 66)* मगरहरुको आफ्नै छुट्टै लोक संस्कृती छ ।

मगरहरुको मुख्य बासस्थान गण्डकी र राप्ती क्षेत्र भए पनि नेपालका सबै जिल्लामा र भारतको आसाम, ग्वाहाटी, सिक्कीम लगायत अन्य ठाउँहरु, भुटान, हँगेरी (मग्यार) आदि थुप्रै ठाउँहरुमा आदिबासीका रुपमा भने आधुनिकतासँगै संसारभरी नै छरिएर रहेका छन् । नेपालमा मगरहरुको जनसँख्या १६,२२,४२१ र ७.१४ प्रतिशत छ (CBS 2001) । एक क्रिश्चियन परियोजनाको वेब साईट (Web: www.joshuaproject.net) का अनुसार नेपालमा २०,२४,००० भारतमा २,९३,००० र वंगलादेशमा १,५०० जनसंख्या देखाएको छ । तर पनि मगर जातिको घना वस्ती राप्ती, गण्डकी, लुम्बिनी अञ्चलहरु हो तर धेरथोर सबै जिल्लाहरुमा बसोबास छ । गाउँमा बस्ने जनसंख्याको कुरा गर्दा मगरहरु 7.63% अर्थात 14,88,064 जनसंख्या ग्रामिण क्षेत्रमा र शहरमा बस्ने जनसंख्याको कुरा गर्दा 4.16% अर्थात 1,34,357 जना मगरहरु शहरमा बसोबास गर्दछन् । हिमाली जनसंख्याको कुरा गर्दा मगरहरु 1.63% अर्थात 24,570 जनसंख्याको बसोबास छ । पहाडको जनसंख्यामा 11.77% अर्थात 11,86,366 जनसंख्या मगरहरुको बसोबास छ । तराईको जनसंख्यामा 3.69% अर्थात 4,11,485 मगरहरु तराईमा बस्दछन् (CBS 2001) । हुन त हाल बसाई सराई, जनसँख्या बृद्धि, भौतिक विकास तथा सामाजिक परिवर्तनहरु जस्ता कारणहरुले गर्दाले गर्दा मगरहरुको बसोबासको क्षेत्रमा परिवर्तन भैरहेको छ ।

मगर भाषीहरुको संख्या ७,७०, ११६ छ । तर यसमा मगर ढूट, र मगर खाम/पाङ छुट्टयाईएको छैन, काईके मगर भाषा बोल्नेहरु ७९४ छ । मगर भाषा बोल्नेको जनसंख्या ३.३९ प्रतिशत हो भने कुल मगर जनसंख्याको ४७.५१ प्रतिशत हो (टी.बी. पुनमगर, २०६७, पे.८) ।

नेपालमा हिन्दु धर्मको विकृत रुप बर्ण व्ययस्थाले पनि मगरहरुमा पनि उँचनीच र छुवाछुत आधारीत सामान्ती अवधारणहरुको विकास भयो । खास गरेर सामान्ती राजा, भारदारहरु तथा आँफुलाई उच्च राख्न खोज्ने मगरहरु जात परिवर्तन गरि ठकुरी र क्षेत्री भए, लोक संस्कृती र मातृभाषा परिवर्तन गरे । जात परिवर्तन नगर्नेहरु शुद्र मगर रहे, बर्ण व्यवस्था मानेन् । राज्यले मगर मातृभाषा र लोक संस्कृतीलाई हेरेन, यसले गर्दा पनि मगर भाषा र संस्कृती खस्केको हुनुपर्दछ । अर्कोतर्फ राजा पृथ्वीनारायणको नेतृत्वमा स्थापीत हिन्दुधर्म खस जातीय अहङ्कारबादमा आधारीत सामान्ती सत्ताले सम्पुर्ण जाति-जनजातिमाथी आर्थिक, राजनितीक, सामाजीक र सांस्कृतीक शोषण र उत्पीडन गऱ्यो (आहुति, २०६७, पृ १९) । यसको मार पनि मगर समुदाय माथि पऱ्यो ।


bishnusinjali@hotmail.com, /©Bishnu kumar sinjali 2011

मगर समुदायमा लादिएको बर्णाश्रममा आधारीत वर्ग व्यवस्थाले मगरहरुमा पनि जात परिवर्तनको लहर आयो । "मगरहरुलाई क्षेत्री र ठकुरीलाई आफ्नै दाजुभाई हुन् भन्ने विश्वास भएको हुनाले पनि निर्धक्कसँग ठकुरी र क्षत्रीहरुको साथ दिन सजिलो परेको हो । आफ्नो उन्नती गर्न सफल धेरै मगरहरुले पनि खसहरुले जस्तै आफुलाई ठकुरी र क्षत्री बनाएका थिए" *(डोर बहादुर बिष्ट, सबै जातको फुलबारी, सातौं संस्करण २०५५, पृ.५२)*। यसबाट के बुभ्न सकिन्छ भने मगरहरुले आफ्नो मातृभाषा र लोक संस्कृतीलाई तिलाञ्जली दिएर जात परिवर्तन गरी सामान्ती राजतन्त्रमा समाहित भएको, र प्रजाको आवाज राजाले सुन्ने परिपाटी नभएको कारणबाट पनि मगर जाति पछि परेको हुन सक्दछ ।

### मगर समुदाय उत्पत्तीको मिथकहरु

मगरको उत्पत्तीको बारेमा अभ्र पनि ईतिहाँसको पानामा लुकेको रहस्य खोतल्न कुनै पनि विद्वानहरु सफल भएका छैनन्, केही सिमित अनुमान र किंवदन्तीका आधारमा कथाहरु हालिएका छन् : (१) किँरात मुन्धुम अनुसार मगरहरु उत्तरी हिमालय क्षेत्रको सिम भन्ने स्थानमा भएको र यीनीहरु सीङ र चितु नाम गरेका दुई मगरहरुको नेतृत्वमा नेपालको दक्षिणी भेकमा आएका थिए । यीनीहरु मध्य एसियामा बसोबास गर्ने सेता हुण थिए *(Imansing Chemjong, History of culture of Kirat people, KTM 1967, Part 2 Page 67*) । (२) मगरहरुको उत्पत्ती सम्बन्धमा यो भनिन्छ कि मगरहरु ईसापुर्व एक हजार देखि पन्ध्र सय अघि हालको मुस्ताङ हुदै नेपाल पसेका हुन् । म्याग्दी, पर्वत, बागलुङ, प्युठान, रोल्पा र उत्तरी रुकुममा आएका हुन् *(Gorak 2048/26, Coded by Dr Budhamagar, Nepalese Culture : Different Diamension 2060 BS P 25)* (३) केही मगरहरु चीनका खाम प्रान्तबाट नेपाल आएका हुन भन्ने विश्वास गर्दछन् *(केशरजङ्ग बरालमगर, पाल्पा तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृती २०३८, प्र. २०५० पे.१६)* (४) खास गरेर मगरहरु तान्त्रिक मतका विश्वासी थिए । यद्यपी तान्त्रिक मत कुनै क्रमिक दर्शन नभएर एक विश्वास मात्र थियो तापनि त्यसबेला नेपाल, भोटमा यस मतको आस्था यति बलियो थियो कि पछि आएर यसले बुद्ध र हिन्दु धर्म माथी प्रभाव पार्‍यो । तान्त्रीक मत न कुनै धर्मको उपज थिएन न कुनै धर्मावलम्बीहरुको देन नै थियो । वास्तवमा यो मगर जातिको विशुद्ध परम्परा थियो । मगरहरु नेपालमा बौद्धहरुको आगमन भन्दा पहिले वा काठमाडौ उपत्यकामा बसोबास योग्य भुमी हुनु भन्दा अगावै उत्तरतिरबाट आई बसेका थिए *(Khildhoj thapa 2036, Magar jati Ek aitihasik ruprekha, Serophero barsa 1, anka 1, Falgun 2036 BS, p 7-8).* । (५) केही मगरहरु नेपालमा भारतको चितौरागढबाट नेपाल पसेका थिए । ऋषी राना चितौरागढको राजा थिए । उनीहरुको सन्तानले तेह्र बंश सम्म राज गरे *(Francies Tuker, Gurkha : the story of the Gurkhas of Nepal country 1957, P.21).* (६) मगरहरु सिक्किम देखि कुमाउ सम्म फैलिएर बसेका छन्, तापनि यिनीहरुको मुल थलो सप्त गण्डकी हो (बिक्रमजीत हसरात (सं.), हिस्ट्र अफ नेपाल, सन् १९७०, ईन्डीया, पृ.८) । (७) मगरहरु कालीको वार र पार तथा कालीको सहायक नदीहरुको महाभारत लेक र थुमहरुमा पहिले देखि नै बसिआएका हुन् । मगरहरु काली नदीले बनाएको बेशी, फँाट भएर नै गण्डकी प्रदेशमा प्रवेश गरेका थिए कि भन्ने आशंका गर्न सकिन्छ *(केशरजङ्ग बरालमगर, पाल्पा तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृती २०३८, प्र. २०५० पे.२३)* (८) प्राचिन ईतिहाँसमा मगरहरु लाई "मगर" नामले उल्लेख नगरी लिच्छवी, बृजी, बिडाल, मेदेश, भाटी, कबि वा कभि, सिचयन, अफर्ति, अवाटी र चिनियाँ ईतिहासकारहरुले यु-ची (Yue-Chi) भनि मगरहरुलाई उल्लेख गरिएको छ । अहिलेको "मगर" शब्द आर्य ब्रम्हाणद्वारा राखिएको आधुनिक शब्द हो । चाँगुको जगञ्जय मल्लको ताम्रपत्रमा मगरहरुलाई "मगल" शब्द उल्लेख भएको छ *(एम.एस. थापामगर, प्राचिन मगर र अक्खा लिपि २०४९, पृ. १)* (९) मगरहरु प्राचिन ईतिहाँसमा वर्णन गरिएको मग्ग, गग्गल, मोग्गल, मोग्लान, मगध, मल्ल, मगह, महन्त, महर, मग्यार र मगरस्थान संग सम्बन्धीत छन् र समय परिस्थिती अनुसार यो जातको नाम परिवर्तन हुँदै गएको हो । मगरहरु भगवान बुद्धको समय भन्दा निकै अघिबाट नेपाल र भारतका भुभागमा बसोबास गर्ने गर्थे । त्यसकारण गौतम बुद्ध पनि उनीहरुकै सन्तान हुनु पर्दछ । *(Hirasing Thapa, Magar through the age, Manuscript, 2063 BS)*।

बास्तवमा मगरहरु कहिँ कतैबाट यो भुमीमा आएको नभई, यहि भुमीमा फिरन्ते जीवन बिताउने रामापिथेकस (नेपालपिथेकस) कै सन्तान हुन् बरु कालान्तरमा उत्तर वा पश्चिम वा दक्षिणबाट आएका जातिहरुको रगत यहाँ समिश्रण चाहिँ अवस्य भएको छ । "मगर केटीलाई बाहुन क्षेत्रीले लगेका हुन्छन् मगरकेटाहरुले अरु जातका केटीहरु बिहे गरी ल्याउँदैनन । पुरानो व्यवस्थाको ऐनले बाहुन क्षत्रीका छोरी मगरले स्वास्नी तुल्याई लैजानमा प्रतिबन्ध लगाएको थियो तर मगरका छोरी-स्वास्नी बाहुन क्षत्रीले लैजान रोकटोक थिएन (विष्ट, डोरबहादुर २०३०, सातौं संस्करण २०५५ पृ ५४)" । यति मात्रै होईन अन्य जातले पनि मगर समुदायका छोरीचेली बिबाह गरि जनसंख्या बढाए । मगर भाईहरुबाट फुटेर थुप्रै जातहरु बने । यस अर्थमा मगर जातिबाट धेरै जातिहरुको विकास र प्रगती भएको सत्य हो ।

## २. सैदान्तिक आधार

मानव समाज गतिशिल र परिवर्तनशिल छ । लोक संस्कृती मानव समाजको पहिचान र विकासको सुचक हो । लोक संस्कृती समय सापेक्ष तथा मानिसहरुले पछ्याउन सक्ने आधुनिक र प्रमाणका आधारीत (evidence based) पनि हुने गर्दछ । समुदायको लामो अभ्यासबाट लोक संस्कृतीको जन्म भएको हुन्छ । लोक संस्कृतीले मानीसको आवस्यकता पुरा गर्नुका साथै समाजमा सुरक्षा तथा सम्मानको ब्यवस्था समेत गरेको हुन्छ ।

लोक संस्कृतीमा थुप्रै भागहरु रहेका हुन्छन्, तिनीहरुको एक अर्कासँग सम्बन्ध भएको हुन्छ, समाजमा व्यक्तिको ब्यवहार, नैतिकता, सामाजीक न्याय, परिवर्तन, चुनौती आदि ब्यवस्थापन गर्न लोक संस्कृतीले सामाजका सदस्यहरुलाई प्रशासित र मार्गदर्शन गरिरहेको हुन्छ । अर्कोतर्फ मानिस जन्मेर हुर्केको समुदायको लोक संस्कृतीले उसका ब्यवहारहरुलाई निर्माण गरेको हुन्छ । यस अर्थमा समुदाय/जात विशेष ब्यवहारहरु पनि समाजमा प्रदर्शित भईरहेका हुन्छन् । उदाहरणको लागि थारु, मगर जस्ता मंगोल ब्यक्तिहरु शोभ्का-साभ्का हुने शोषण, दमन, पीडा सहन सक्ने वा छिटो बुभ्न नसक्ने र बाहुन जस्ता आर्यन समुदायका ब्यक्तिहरु बाठा, शोषण/दमन छिटो बुभ्न सक्ने जस्ता ब्यवहारहरु सो समुदायको लोकसंस्कृतीको शिक्षण वा हस्तान्तरणको प्रक्रियाले गर्दा फरक भएको हुनसक्छ ।

मगर समुदायको लोक संस्कृती पनि आँफैमा सम्पन्न छ, सामाजीक ब्यवहारलाई मार्गनिर्देशन दिन सक्दछ । तर पनि आजको विज्ञान र प्रविधीको युग, सञ्चारको युग, शहरीकरण, विश्वब्यापीकरण, परनिर्भरता जस्ता कारणहरु तथा रोजगार वा सुविधाको लागि हुने बसाई सराई आदिले गर्दा पनि मगर समुदायको लोक संस्कृतीमा परिवर्तन हुन लागेको छ । आधुनिक पश्चिमा संस्कृती, संस्कृटाईजेसन आदि र मगर लोक संस्कृती बीच द्वन्द भएको छ मगर जातमा । मगर लोक संस्कृतीको समसमायीक सुधारका साथै जीवन्त बनाउन पनि जरुरी छ नेपालको फुलबारीको एक फुलको बोट जोगाउनलाई राष्ट्रको सम्पदा जोगाउनलाई ।

# ३. मगर समुदायको लोक संस्कृती

## ३.१ जीवन चक्र संस्कार (life cycle rituals)

### ३.१.१ गर्भ/जन्म/छैटी/न्वारन

जन्म संस्कार मानव जीवनको पहिलो संस्कार हो । मगर समुदायमा गर्भवती आमालाई धार्मीक कार्यमा अशुद्ध मानिन्छ । मण्डली र बाबु बराजु आदि पुजाआजामामा गर्भवती स्त्रीको लोग्नेलाई पनि अशुद्ध मानिन्छ । गर्भ रहेपछि न्वारन नगरन्जेल बाबु आमा र शिशुको जन्म पछि न्वारन नगरे सम्म तेह्र दिने दाजुभाईहरु समेत पुजा/धर्म कार्यमा अशुद्ध मानिन्छ (बरालमगर २०५०, पृ ६०) । म्याग्दीमा गर्भवतीको श्रीमानलाई जंगलमा शिकार जान, भीर मह निकाल्न समेत असुद्ध मानिन्छ (पुन, २०६६, पृ ७९-८०) ।

बच्चा जन्मे पछि सुडेनी/पाकी महिलाले नाईटो काट्ने, बच्चा नुहाईदिने जस्ता कामहरु गरिन्छन् । हिन्दु धर्मबाट प्रभावित मगर समुदायमा जेठो छोरा जन्मेको खुसीयालीमा, बालक जन्मेको छ दिनका दिन ***छैटी*** गर्ने गरिन्छ । प्राय छोरी र अरु छोराहरु जन्मँदा छैटी गरिँदैन । छैंटी बच्चा जन्मेको छैंटौं दिनको आधारातमा भगवानले बच्चाको भाग्यको रेखा कोर्दछन्, त्यस रातमा भगवानलाई आउन जान अवरोध नहोस् भनेर ढोका खुल्ला राख्ने चलन छ *(Manbir Garbujamagar, Magaranti religious and rites, 2049 BS P.30)* ।

साधरणतया मगरहरुले ११ दिनका दिन ***न्वारन*** गर्ने गर्दछन् । परिस्थीति अनुसार तीन दिन देखि बिजोर दिनमा न्वारन गर्ने *(Baptism)* गर्ने गर्दछन् । रुकुम रोल्पाका मगरहरु बच्चा जन्मेको पाँच दिनमा न्वारन गर्दछन् *( Dr. Buramagar & other 2060 BS, P.35)*। साधरणतया मगरहरु बच्चाको नाम राख्न बाहुन पुरोहित बोलाउँदैनन् । न्वारन गर्नको लागि कुटुम्ब (निबा वा निबाका छोराहरु) लागि आउँदछन् । रुकुम रोल्पामा नातेदारभित्रकी पाकी, बुढी/गन्यमान्य महिलाबाट नामाकरण गर्ने चलन पनि छ (बमकुमारी बुढासंगको कुराकानी) हिन्दुकरण भएको गाउँमा बाहुन पुरोहितकहाँ गई नाम जुराउँदछन, गौमुत मन्तरेर ल्याउँदछन र विधी गरी बच्चाको नाम सुनाउँदछन् । गौमुत छ्यापेर चोख्याउँदछन् । आजकल मगर भुसाल (वापा/मगर पण्डित) राख्ने चलन बढ्दै गईरहेको छ । हिन्दुको प्रभाव नपरेको गाउँमा बच्चा जन्मेको बार, महिना, क्षण वा कुनै घटनाका आधारमा नाम जुराउने चलन पनि *छ (Roka 2025 BS, P61, coded by Dr. Harsabahadur Buramagar P.27)* । रिसिङ घिरिङ र केही अन्य भागका मगरहरुले पहिलो छोरा जन्मेको खुसीयालीमा टाढा टाढाका आफन्तहरुलाई बोलाउने चलन हुन्छ । यस्तो चलनलाई "सारटीका याहाके" भनिन्छ । आफन्तहरुले बच्चाको बाबु आमा वा बच्चालाई फुलमाला, पैसा दिने गर्दछन् भने बच्चाको तर्फबाट भोज पनि गरिने गरिन्छ *(बरालमगर, २०३८, प्र. २०५० पे ६१)* ।

### ३.१.२ पुरभदै/पास्नी (छो कास्के) :

मगर समुदायमा छोरीको पाँच महिना र छोराको छ महिनामा पास्नी गरिने चलन हुन्छ । यसको लागि जोतिषले दिन जुराईदिने गर्दछन् । साधरणतया भाई भाईको कन्या जसको राशीफल मिलेको हुन्छ उसले बच्चालाई पहिलो अन्न खुवाउने चलन छ । तर आजकल पहिलो अन्न प्रशान गराउने व्यक्ति पनि जोतीषीले जुराईदिने चलन बढ्दै गईरहेको छ । यसपछि मात्र बच्चाका बाबुआमा अनि आफन्तले अन्न प्रशान गराउने गर्दछन् । मगरहरु यसको लागि तेह्र किसिमको परिकार जुटाउने गर्दछन् र बरको पात वा सालको पातमा सो परिकार राखेर अन्न प्रशान गर्ने गरिन्छ । पुरभदैमा भद्राईको मासु खुवाउनाले बच्चा बाठो हुन्छ भन्ने विश्वास प्रायः धेरै मगरहरु गर्दछन् । सुँगुरको मासु मगरहरुले खाए पनि अन्नप्राशनमा बच्चालई खुवाईदैन । भात खुवाउँदा बच्चा रुने गर्दछ र यदि नरोएमा अशुभ हुने धारणा धेरै मगरहरु राख्दछन् (बरालमगर, २०३८, प्र. २०५० पे. ६३) । यस दिनमा बच्चालाई नयाँ कपडा लगाईदिने गर्दछन् । यदि पहिलो छोरा जन्मेको हो वा खुसीयाली मान्न सक्ने मगरहरुले सो दिनमा ठूलै भोजभतेर पनि गर्दछन् र सोरठी, मारुनी, कौर्हा आदि नाचगानको पनि व्यवस्था गर्ने चलन छ ।

### ३.१.३ छेवर गर्ने :

साधरणतया बच्चा जन्मेको पाँच बर्षमा मामाहरुद्धारा भान्जाको केश काटेर छेवर गरिदिने गर्दछन् । यो कार्य ९ बर्ष भित्र बिजोर बर्षमा गरिने गरिन्छ । प्रायः मगरहरुले बच्चाको घरमा नै मावली आई छेवर गरिदिने गर्दछन् भने, कतै कतै मावलीकहाँ लगेर गरिदिने चलन पनिछ । तनहुँको घिरिङ, गजरकोट र किहुँमा भने कुटुम्बले नै छेवर गरिदिने गर्दछन् *(बरालमगर २०३८, प्र.२०५० पे.६४)।* तर आजकल छेवर गर्ने चलन हराउँदै गईरहेको छ । छेवर गर्दा कसैकसैले धुमधामका साथ भोजभतेर गर्ने गर्थे भने कोहीले साधारण ।

### ३.१.४ गुन्यु चोलो दिने (घाँघर याहाके) :

मगर समुदायमा छोरी पाँच बर्ष पुगे पछि बिजोर बर्षमा मगर लामाले साईत हेरी बिधी बिधान पुऱ्याई घाँगर दिने प्रचलन थियो । तर आजकाल यस्तो पाईदैन ।

### ३.१.५ बिबाह संस्कार

विबाह मानव जीवनको सृष्टी सञ्चालनको लागि मानव समाजद्धारा बनाईएको एक सामाजीक संस्था हो । मगर समुदायमा बिबाह गर्दा मामा छोरी फुपुचेला गर्ने चलन हुन्छ । मगर समुदायमा मागी बिबाह, प्रेम विबाह, भागी बिबाह, चोरी बिबाह, जबरजस्ती बिबाह, विधवा विबाह प्रचलनमा रहेका छन् । हालमा आएर समाजको चेतना सँगै जबरजस्ती बिबाह, चोरी बिबाहरु हराउँदै गएका छन् ।

**३.१.५.१ मागी बिबाह** : यस बिबाहलाई मगरहरु लगन्या बिबाह पनि भन्दछन् । यस विवाहमा केटीको घरमा दहीको ठेकी लिएर केटा पक्ष जान्छ । प्रस्ताव स्वीकृत भएमा ठेकी केटी पक्षले म्हास्दछन् । प्रस्ताव स्वीकृत भएमा केटीलाई केटाको साथै पठाईन्छ । तर आजकल हिन्दुकरणले गर्दा ब्राम्हणको जस्तै जन्ती आई लिएर जाने चलन बढेको छ । केटीलाई केटासंगै पठाएमा पछि "ढोगभेट" को कार्यक्रम राखेर बिबाहको रीत पुरा गरिन्छ ।

रुकुम, रोल्पाका मगरहरुमा मागी विबाहमा साईमासा लिने दिने चलन छ । यो भनेको केटाकेटी बीच साईनो गाँस्नको लागि पक्का गर्ने लोक संस्कृती हो । केटा पक्षले तेस्रो ब्यक्ति मार्फत केही रकम साईमासाको रुपमा केटीलाई दिन्छन् । केटीले स्वीकार नगरेमा फिर्ता हुन सक्दछ । केटीले स्वीकार गरीसके पछि सोही केटासंग विबाह नभै अन्य केटासंग भएमा दोब्बर रकम फिर्ता गर्नुपर्ने हुन्छ ।

**३.१.५.२ प्रेम/भागी विबाह वा अन्य विबाह** : मगर समुदायमा धेरै जसो मागी बिबाह भन्दा पनि प्रेम/भागी बिबाह बढी हुने गर्दछन् । यस्तो विबाहहरुमा केटा पक्षले केटी पक्षकहा ३ दिन भित्र दहीको ठेकी लगि वा नलगी छोरी लगेको खबर दिईन्छ । यस्तो विबाहमा माईती पक्ष असन्टुष्ट भएमा केटी खोस्न आउने चलन पनि छ । यस्तो चलनमा माईति पक्षलाई तर्साउन बन्दुक पड्काउने गरिन्थ्यो, पछि यहि चलन मगरको बिबाहमा बस्यो । आज पनि मगरहरु बिबाहमा बन्दुक पड्काउने गर्दछन् (बैरागी नाटामगरसंगको कुराकानी, २०६६ चैत) । यसमा केटापक्ष केटी पक्षकोमा गएर "ढोगभेट फुकाउने"को लागि सोधनी गर्दछन् यसलाई "सोढनी" भन्दछन् । दुबैपक्षको कुराकानी मिलेपछि "ढोगभेट फुकाउने"को आयोजना गरेर बिबाह कार्य सम्पन्न गरिन्छ । धेरै जसो मगरहरु बिबाहमा कुटुम्बले उम्काउँदछन्, जग्गे राख्दैनन् । तर हिन्दुको प्रभाव बढी परेको ठाउँमा पुरोहित राख्ने, जग्गे होम गर्ने चलन पनि छ । रुकुम रोल्पामा मगर जैसीको महत्वपुर्ण भुमीका हुन्छ, यो संस्कारको लागि ।

ढोगभेटको लागि माईती पक्षले केटा पक्ष सँग सुङ्गुरको मासु, रक्सी, बारा, सेल आदि माग्ने चलन पनि मगर समुदायमा चलन छ । रोल्पाका मगर बस्तीमा ढोगभेट बिबाह संस्कारमा केटापक्षले केटीको बाबा लाई राँगाको टाउको, दाजुभाईलाई फिलाको मासु र अन्यलाई पनि राँगाको मासु र अन्य खानपाहरु पाहुर रीत लानुपर्ने चलन छ । तर आजकल यो चलन हट्दै गईरहेको छ । यसका साथै दाईजो प्रथाले जरा गाड्दै गईरहेको छ । मगरहरुमा मामाको छोरी बिबाह नगरे, मामाहरुले अड्को थाप्ने चलन पनि छ । यस्तोमा माईतमा "ढोगभेट फसाक्के" मा जानुभन्दा अगाडी मामाघरमा रीत कोशेली लगि पहिला मामा कहाँ "ढोगभेट" गरी स्वीकृती लिनु पर्दछ । मगरहरुमा मामाको छोरी बिबाह गर्ने चलन भएकोले केटाकेटीहरु किशोर उमेरको शुरुवातमै प्रेम/भागी बिवाह गर्ने समस्या निक्कै छ, यसले मगर युवाहरुको शिक्षा र चेतनामा असर गरेको छ ।

मगर समुदायमा विधवा विबाहलाई स्वीकार गरिन्छ । विधवाले चुरा, पोते लगाउनु कुनै बन्देज छैन लोक संस्कृतीमा । विबाह संस्कारको लागि कुटुम्बको भुमीका महत्वपुर्ण रहन्छ । मगरहरुमा केटापक्षले बिबाह समाहरोह/ढोगभेटमा एक जोडी कुखुरा लैजाने र केटीको कुल छुट्टयाउने रीत पुजा गर्दा, कुखुरा काटेर छोड्डा कसरी बस्दछन् त्यसको आधारमा ती जोडीको बैबाहिक जीवनको जोखना हेर्ने गरिन्छ ।

## ३.१. ६ मृत्यु संस्कार

मृत्य संस्कार मानव जीवनको दुःखद र अन्तिम संस्कार हो । धेरै जसो मगरहरु लाशलाई जलाउने गर्दछन् भने केहीले गाड्ने गर्दछन् । लाश लैजाँदा लाश भन्दा अघि कुटुम्बहरुल सेतो कपडाका लामो गराई "बाटो/लाम" हिडाल्ने चलन पनि छ । प्राय मगरहरु तेह्रदिन सम्म किरीया बस्दछन् अरु हिन्दु जस्तै । दशौं दिनमा सम्पुर्ण भाईहरु जम्मा भएर दशगत्र गर्दछन् र तेह्र दिनका दिन चोखिन्छन् । चोखिने दिनमा मगरहरु मासु प्रयोग गर्दछन्, मृतकलाई पनि चढाउँदछन् । सो अवधीमा किरीयापुत्रीहरुलाई भात खुवाउने कार्य कुटुम्बबाट हुने गर्दछन र उम्काउने काम पनि कुटुम्बबाट गर्ने गरिन्छ । हिन्दुको प्रभाव परेका गाउँहरुमा उम्काउँदा बाहुन पुरोहित राख्ने चलन पनि छ । आजकल मगर लामा (भुसाल) हरुले पनि पुरोहितको कार्य गर्दछन् ।

रुकुम, रोल्पा लगायत नेपालको उत्तरी भेगका मगरहरुले मृत्य कार्य तीन दिनमा चोख्याउने चलन छ । कहिलेकाहिँ अनुकुल नमिलेमा त सो चोख्याउने कार्य छ महिनापछि पनि हुन सक्छ (बमकुमारी बुढासँगको कुराकानी) । रुकुम रोल्पाका मगर गाउँहरुमा मृत्यु हुँदा रुने आईमाई मानिसहरु गीतको तालमा रुने गर्दछन् । कतै कतै भेंडालाई रातभरी रुवाएर भोलीपल्ट मसानलाई बली दिने चलन पनि छ । मृत्यु संस्कारमा काठको मुर्ती बनाई राख्ने चलन पनि छ (एच बी थापा/खाम को कुराकानीमा) ।

मगर समुदायमा झाँक्री, धामीको मृत्यु भएमा समाधी (Cremation) गर्ने तरीका अरु सर्वसाधरण भन्दा फरक हुन्छ । उनीहरलाई गाड्ने चलन हुन्छ र उनीहरुलाई बाजा बजाएर समाधी स्थल लैजाने चलन हुन्छ । उसले पढेको पुस्तक, चलाएका सामानहरु पनि गाड्ने गरिन्छ । तर रुकुम , रोल्पा लगायत केही भेगमा यस्ता समानहरु अन्य लामा, धामी वा उत्तराधीकारीले धारण गर्ने पनि गर्ने चलन हुन्छ ।

## ३.२ लोक संस्कृतीमा चाडपर्व र पुजाआजाहरु

मगर समुदायका चाडवर्पहरुमा माघे सक्रान्ती, बसन्त पञ्चमी, यौनाट, चैते दशै, चण्डी पुजा, बुद्ध पुर्णिमा, भुमे (/भुयाँर), साउने सक्रान्ती, कृष्णअष्टमी, तीज (झोरा स्याहाके), बडा दशैं, तिहार आदि प्रमुख छन् । रुकुम रोल्पाका मगरहरुले दशै तिहार परम्परागत रुपमा मनाउने गर्थेनन् । तिहारको बेलामा पैसेरु नाँच नाचिने गरिन्थ्यो । तर आजकल सस्कृटाईजेशन वा देखासिकीबाट मान्ने गरिएको पाईन्छ । बडा दशैंमा टीका लगाउने मगरहरुले रातो टीका लगाउँदैनन्, सेतो टीका, जमरा मात्र लगाउने चलन छ ।

भुमे चाड असारको १ गते मनाउने चलन रुकुम रोल्पा, म्याग्दी जिल्लामा तथा बाग्लुङका केही भेगमा पाईन्छ । तर अरु मगरहरुमा भने भुमे पुजालाई भुयाँर पुजाका रुपमा पुजा गर्ने चलन छ । यसका साथै चाडका रुपमा मगरहरु मंसीरे पुर्णीमा, फागुने पुर्णीमा, बैसाखे/बुद्ध पुर्णीमा, जेठ पुर्णीमा, जनै पुर्णीमा (मौसमी चाडको रुपमा, बाहुनको जस्तो जनै फेर्ने चाडको रुपमा होईन), भदौ पुर्णिमा पनि मान्ने चलन हुन्छ । कतै कतै पन्ध्र पुसलाई पनि चाडको रुपमा मानीने लोक संस्कृती पाईन्छ ।

मगरका पुजाआजामा चण्डी पुजा, पितृपुजा, मण्डली पुजा, बाजीबज्यै पुजा, बराही/बराहा पुजा, भुमे/भुयाँर पुजा, कुलपुजा प्रमुख हुन् भने अन्य पुजाआजामा माई पुजा, नाग पुजा, झाँक्री, शिकारी, मरी (बायु) पुजा, मसान वा भुत पुजा, हरेलो, देवी देउराली आदि अलौकिक शक्तीको पुजाआजाहरु मगर समुदायमा प्रचलित छ (विस्तृत जानकारीको लागि, मीन श्रीसमगर २०६८, मगर पुजारी रहेका प्रसिद्ध देवस्थलहरु पृ.१७७-१८० हेर्नुहोला) ।

डोल्पामा काईके मगर भाषीहरु बौद्ध धर्मावलम्बी भए पनि हिन्दु र बौद्ध दुबैका चाडपर्व मनाउँदछन् (अम्बिका रेग्मी, २००७) । सो क्षेत्रमा रुङ पुजा (रुङ पीही र रुङ पाचा), जोबाटा, चिसेरु, लशीन टानामा, धामी पुजा, मस्ता देउराली र लाठी, कर्चेन, मीन्टुन आदि पुजाआजाहरु गर्ने गरिन्छ (Maya Daurio, Sodhmala 2067 BS, P. 15-17)। त्यस भेगमा रुङ मुख्य चाड हो र यो एक महिना सम्म मनाउने गरिन्छ ।

मगर समुदायको चाडपर्व र पुजाआजाहरु हेर्दा प्रकृती पुजारी/आत्मबाद (animism) र कुल प्रतिक (toteism), तान्त्रीक झाँक्रीबाद (shawmanism), आदिको प्रभाव बढी पाउन सकिन्छ । अर्कोतर्फ मगर समुदायमा बौद्ध र हिन्दु दुबै धर्मका संस्कृतीहरु देख्न पाईन्छ । मगर समुदायमा संस्कृतीकरण (sanskritization) बाह्य मानिसहरुको आगमनबाट आपसी संस्कृतीकरण (acculturation) वा साँस्कृतीक लेनदेन (cultural exchange) यस्तो भएको हुन सक्दछ । बौद्ध धर्मका अनुयायी बनीसकेका मगरहरुमा हिन्दुकरणको प्रभाव परेको कारणबाट र हिन्दु

धर्मले स्थानीय प्रकृती पुजारी/आत्मबाद, कुल प्रतिक, तान्त्रीक झाँक्रीबाद, बौद्ध संस्कार तथा मौसमी चाडवर्पहरुलाई उसको केही थपेर हिन्दुकरण गर्ने मन्द बिष पिलाईदिएर संस्कृती माथी आक्रमण गरेको कारणबाट पनि यस्तो भएको हुन सक्दछ । तर पनि उनीहरुको परापुर्व कालदेखि चलिआएको आफ्नोपन पनि छोड्न सकेका छैनन् ।

## ३.३ लोकगीत/नाचहरु

मगर समुदायमा कौरहा (चुड्का), रोदी, झाउरे, सोरठी (मारुनी), घाँटु, यौनाट, ओहली, ज्यानै, जिवैमामा नाच, झोरा नाच, हुर्रा नाच आदि नाचगानहरु मगर समुदायमा पाईन्छ भने यानीमाया, सुनीमाया गीत, ठाडो भाका गीत, तेर्सो भाका गीत, लस्के भाका गीत, दोहोरी, साली ज्यु गीत, असारे आदि गीतहरु पनि पाईन्छ । मगरहरुका गीत र नाचगानहरु प्राय मौसमी हुने गर्दछन् ।

लोकप्रिय कौरहा (चुड्का) लोक गीत/नाच तनहुँ, पुर्वी स्याङ्जा, पुर्वी पाल्पा, नवलपरासी, गोर्खा, लमजुङ आदि जिल्लाका मगर समुदायमा बढी प्रचलित छ । यौनाट, स्याङ्जाको काली गण्डकी र आँधीखोलाको संगम क्षेत्रमा प्रचलित छ । ओहोली ज्यानै तनहुँको रीसीङ घिरीङ, भिरकोट क्षेत्रमा कर्म गीतको रुपमा प्रचलित छ । हुर्रा गीत/नाच पुर्वेली मगरहरु बीच बढी प्रचलनमा छ । शिरफुले माया म्याग्दीमा बढी प्रचलित छ ।

रुकुम रोल्पामा रोदी बस्नेलाई थकान भनिन्छ, यसको विशेषता अन्त भन्दा अलि फरक छ, सो क्षेत्रमा कठौता, ठाडो भाका, साहिलादाई, फाङ्को, यानीमाया, सुनीमाया, लस्के भाका, झाम्रे आदि पनि पाईन्छ । यसका साथैरुकुम रोल्पाका मगरहरुमा वोम्पी, सिङ्गारो, पैसरी/पैसेरु, भुमे नाच, ओगोवाङ्गे, झोलेनी, फाङ्क, खेरकुनाङ्ग, डाम्फे (घाँटु), जोहोरा, धोता, साङ्गे आदि नाच/गानहरु पाईन्छ । यस्ता नाच/गानहरु मौसमी हुन्छन् *(बम कुमारी बुढा र एच.बी. खाममगरसँग बैसाख २६, २७ दाङ लमहीको कुराकानीमा आधारीत)* । लस्केभाका, तेर्सोभाका, ठाडोभाका, तथा चुड्के भाकाका गीतहरुका साथै घाँटु, कौरहा, मारुनी, जीवैमामा, भुम्यानाच, पैसेरु, सारङ्गे जोरास्याइँ, झाँक्रीनाच, स्याम्बो आदि लोकनाचहरुको विकास ऐतिहासिक मगरातका गण्डकी र राप्ती क्षेत्रमा भएका हुन् (श्रीस, सोधमाला, २०६७, पृ २३) । यस अर्थमा मगर समुदाय लोक गीत र नाचहरुको जन्मदाता, संरक्षणकता समेत हो ।

## ३.४ मगर समुदायको लोकबाजाहरु

मगरहरु रमाईला, जोशिला तथा सोझा-साझा र ईमान्दारीता उनीहरुको पहिचान हो । मगर समुदायको लोक बाजाको रुपमा मादल प्रमुख हो । यहि भएर काठमाडौका नेवार समुदायले समेत यसलाई मगरबाजा भन्दछन् । मादलको आकार प्रकारहरु धेरै हुन्छन्, जस्तै मारुनी/सोरठी नचाउन ठुला मादल (गुर मादल) प्रयोग हुन्छ । यसका साथै डम्फु, खैजडी, झर्‍रा, साना खालका झ्याली, चाँप आदि पनि लोक बाजाको रुपमा पाईन्छ । रुकुम रोल्पामा दमाहा, सबै मगर समुदायमा पञ्चे बाजा पनि लोक बाजाको रुपमा पाईन्छ । पहिले पहिले पञ्चे बाजा मगरहरु बजाउँदैनथे, तर आजकल उनीहरु आँफै लोक बाजाको रुपमा बजाउन थालेका छन् । यसका साथै पातबाट गीतको भाका बजाउने, मुरली/बाँसुरी आदि पनि मगर समुदायमा लोक बाजाको रुपमा स्थापीत भएका हुन् ।

## ३.५ परम्परागत खेलकुदहरु

मगर समुदायलाई संसारका मानिसहरुले लडाकु जातिका रुपमा चिन्दछन् । बिर गोर्खाहरुको नाम राख्न मगहरहरुको भुमिका महत्वपुर्ण छ । उत्तरी भेगका मगरहरु धनुकाँड को खेल आज पनि लोकप्रिय छ । यस्तै गरि दौड खेल, छेलो/ठेलो हान्ने, डन्डी बीयो, भाले जुधाई, कबडी, बाघचाल आदि परम्परागत रुपमा खेलिदै आएको पाईन्छ । बच्चाहरुमा लुकामारी खेल, गंगै रानी, छेक्काना/गोटा, खोप्पी, गुच्चा, कबडी आदि लोकप्रिय छन् ।

## ३.६ परम्परागत विश्वासहरु (superstitions)

मगर जाति आदिबासी भएकोले यो जाति प्रकृती पुजक हो । मगर जाति परम्परागत विश्वासहरुमा लौकिक शक्ति (superstition) को विश्वास अझ पनि पाईन्छ । उनीहरु लामा, धामी, झाँक्री, बोक्सी, भुत, बन्नाईनी, मसान, राक्षस, देवी देउराली, चण्डी, बाजी बजैको आत्मा, पितृ/कुल आत्मा, आदिको विश्वासको लोक संस्कृती अझ पनि छ । यी यस्ता लौकिक शक्तिहरुका बारेमा मगर गाउँहरुमा कथा हाल्ने र जीवनमा प्रत्यक्ष रुपमा प्रयोग गर्दछन् । समुदायमा रोग, विरामीपन र उपचारका सन्दर्भमा पनि लोक संस्कृतीका मुल्य मान्यताहरुको प्रयोग गरिएको हुन्छ भलै त्यो बैज्ञानिक युगमा अन्धविश्वास फैलिएको होस् । परिवारका कुनै सदस्य बिरामी हुँदा अक्षता छुने, भाकल गरी कुखुरा उठाएर राख्ने, बलि दिने कुराहरु यसैका परिणामहरु हुन् (सिंजाली, २०६७ शोधमाला पे. ८१-८८) ।

डोल्पामा काईके मगर भाषीहरु बौद्ध धर्म मान्दछन् । सो क्षेत्रमा रुङ पुजा (रुङ पीही र रुङ पाचा), जोबाटा, चिसेरु, लशीन टानामा, धामी पुजा, मस्ता देउराली र लाठी, कर्चेन, मीन्टुन आदि पुजाआजा तथा कथाहरु पनि लोक विश्वासहरु हुन् । यस्ता पुजाआजाहरु परिवारका सदस्यहरुको बिरामी, रोग तथा उपचार सँग पनि सम्बन्धीत छ (Maya Daurio, Sodhmala 2067 BS, P. 15-17) ।

## ३.७ मगर समुदायका लोक कथाहरु

मगर गाउँहरुमा मध्यकालका राजाहरुको बारेमा लोक कथाहरु पाईन्छ । अनि धेरै मगरहरु आफुहरु ठकुरी बंश भएको पछि मगर भएका लोक कथाहरु पनि हाल्दछन् । मगरहरुको लोक कथामा युद्ध, जीत वा हार, देवी देवताको वा पुजा आजाको बारेमा हुन्छ । जस्तै म्याग्दीका पुन थरका मगरहरुको "करवाकेली" (पुन, २०६०, पे २८), तनहुँ पाल्पा र स्याङ्जामा "बाजी बजै" का मिथकहरु यसका उदाहरणहरु हुन् । दुःखको कुरा मगर गाउँका यस्ता लोक कथाहरु संकलन गरि प्रकाशन भएको छैन । बरु बाहिरीया वा धुर्त विद्धानहरुले त्यसलाई तोडमोड गरि आफ्नो गराएका छन् उदाहरणको रुपमा स्याङ्जाको "आङ्दी" खोला उत्पतीको कथा आँधीखोला र श्रवणकुमार सँग जोडी हिन्दुकरण भयो । यस अर्थमा मगर समुदायका लोक कथाहरु हराउँदै वा अन्य समुदाय वा विद्धानहरुबाट चोरिँदै छन्, समयमा नै यसको प्रतिलिपी अधिकार मगर समुदायले लिन जरुरी छ ।

## ३.८ मगर समुदायको मातृभाषा


bishnusinjali@hotmail.com, /©Bishnu kumar sinjali 2011

मगर समुदायमा तीन वटा मगर भाषाहरुको अस्तित्व छ जस अनुसार (१) मगर ढूट (२) मगर खाम ⁄ पाङ (३) मगर काईके । कुनै कुनै विद्वानहरु मगरलाई पाँच प्रकारका भनेर मान्छछन्, उहाँहरु ब्याङ्सी भाषा र मीजु महर भाषालाई पनि मगर भाषाको शाखा मान्दछन् । मगर भाषीहरुको जनसंख्या ७,७०,११६ छ । तर यसमा मगर ढूट, र मगर खाम ⁄ पाङ छुट्टयाईएको छैन, काईके मगर भाषा बोल्नेहरु ७९४ छन् । मगर भाषा बोल्नेको जनसंख्या ३.३९ प्रतिशत हो भने कुल मगर जनसंख्याको ४७.५१ प्रतिशत हो ( टी.बी. पुनमगर, २०६७, पे.८) । पश्चिमाञ्चल मगर ढूट भाषा बोल्नेहरुको घना वस्ती भएको ठाउँ हो । पश्चिमाञ्चलमा मगरहरुको जनसंख्या 16.43% अर्थात 7,50,960 छ । यस जनसंख्यामा ४,०२,२९९ जनाले मात्र मगर ढूट बोल्ने गर्दछन् (श्रीस, २०६६ पे.५) । मगर खाम ⁄ पाङ भाषा मुख्य गरी रुकुम, रोल्पामा बोलिन्छ, आजकल बसाई सराईले देश भरी नै फैलिएको छ ।

मातृ भाषाको कुरा गर्दा मध्यकाल वा सामान्ती राज्य ब्यवस्थाको उत्पत्ती र हिन्दु आर्यनहरुको आगमन तथा “फुटाउ र राज्य गर” गायत्री मन्त्रको मारमा मगर जाति परेको कारणबाट गुल्मी, बाग्लुङ, पर्वत, म्याग्दी, का जिल्लाहरु, पश्चिम पाल्पा, उत्तरी तनहुँमा मातृभाषा माथी दमन गरियो । यो प्रक्रिया शाहकाल, राणाकाल र पञ्चायत काल सम्म जारी रह्यो । जसले गर्दा आज मगर भाषाहरु छुट्टिएर फरक हुन गयो, किन भने तत्कालिन समयमा सञ्चार हुन सकेन ।

मध्यकालमा बाईसे चौबिसे राज्यहरुको स्थापनाले गर्दा पनि मानिसहरुलाई निश्चित सिमा रेखमा बाँधेर राख्यो, संचार हुन पाएन, यसले गर्दा पनि आदिबासीहरुको मातृभाषामा फरक आउँदै गयो । यस कालमा पनि सत्तासिन मगरहरु, भारदारहरु तथा प्रगती गरेका मगरहरु जात परिवर्तन गरि क्षत्री र ठकुरी बनेको र भाषा परिवर्तन गरेको कारणबाट मगर भाषाको प्रगती भएन । नेपालको एकीकरण भएपछिको नेपालमा पनि मगर भाषाले उचीत स्थान पाएन । शासकहरुले मगर भाषा प्रति दमन गर्दै गए । मध्यकालमा म्याग्दी, बाग्लुङ, गुल्मी, अर्घाखाँची जिल्लाहरु लगायत पश्चिमी पाल्पा, तनहुँको उत्तरी भेगमा मगर भाषा बोल्न लगाईएको प्रतिवन्धलाई झन कडा पारियो । यसले मगर भाषाहरुमा फरक आयो सञ्चारको अभावमा । मगर खाम ⁄ पाङ र मगर ढूटमा विभाजन भयो । यस अर्थमा मगर मातृभाषाले टाउको उठाउन सकेन । । मगर भाषा मगर जातिको कुल जनसँख्या १६,२२,४२१ मध्ये ७,७०,११६ अर्थात ४७.५१ प्रतिशतले मात्र बोल्दछन् (CBS, 2001) र बाँकी ५२.४९ प्रतिशत मगरहरु मतृभाषा बोल्न छोडीसके । यसले के देखाउँदछ भने यो मातृभाषा छिटो छिटो मृत्यको बाटोमा कुदिरहेको छ ।

## ३.९ मगर समुदायको परम्परागत पेशा

मगरहरु परम्परागत पेशाका हिसाबले दक्ष कृषक, भुगर्भबिद (आउरी) तथा उत्खननकर्ता, राज्यका सुरक्षाकर्मी (सैन्य सेवा), थोरै मात्रामा ब्यापार भएको पाईन्छ । तर राज्यले मगरहरुलाई खानी खन्न नदिएपछि वा दमन गरेपछि यो पेशा आजकल छैन । समयको परिवर्तन सँगै मगरहरुले पनि पढ्न लेख्न पाए पछि आज सबै पेशामा मगरहरु छन् ।

## ३.१० सामाजीक -आर्थिक लोक चलन

मगर समुदायमा सहकारीताको सिद्धान्तमा आधारीत “भेजा” प्रथा कायम थियो । यसका साथै पाठेभाई, गुठ आदि स्थापना गरि सामाजीक आर्थिक क्रियाकलाप लोक संस्कृतीको रुपमा पाईन्छ । यद्यपी यस्ता परम्परागत कुराहरुलाई आधुनिकीकरण गर्न भने सकिएको छैन । सामाजीक रुपमा न्याय, अन्यायको कुरामा उजुरी सुन्ने सामाजीक न्याय गर्ने चलन चण्डी पुर्णीमाको पुजामा गरिने चलन छ । समाज बसेर गाउँका कुराहरु गाउँभित्र मिलाउने सभा पनि मगर समुदायमा पाईन्छ ।

## ३.११ मगर समुदायको खानपान

मगरहरु धेरै ठाउँमा छरिएर रहेका कारण पर्यावरण र उत्पादन अनुकुलका खानपान पाईन्छ । उनीहरु मकै, कोदो, गहुँ धान, जौ, फापर, गेडागुडी आदिबाट बनेका परिकारहरु खाने गर्दछन् । कुनै मगरहरु खसी ⁄ बाखाको मासु खाँदैनन् भने कुनै मगरहरु राँगा ⁄ भैसी र गाई गोरु खाँदैनन् । रुकुम रोल्पा लगायत उत्तरी भेगका मगरहरु गाई गोरुका मासु खान्छन् यद्यपी नेपाली हिन्दुवादी कानुनले उनीहरुलाई जेलनेल हाले तापनि । कोही मगरहरु सुँगुरको मासु खाँदैनन् । यस अर्थमा मगरमा मासुको बारेमा विविधता छ । तर पनि जाँड रक्सी सबैले परम्परागत देखि नै चलाउँदै आएका छन् । पशुपालन र कृषी मगरहरुको परम्परागत पेशा भएकोले पनि दुध उत्पादन र त्यसबाट बनेका परिकारहरु पनि उनीहरुको खानपानमा पर्दछ । बारा, सेलरोटी, गेडागुडीको बिरम्ला, तरुलका परिकारहरु, सिस्नोका तरकारी, ढीडो, मकैको च्याख्ला, गन्द्रुक आदि पनि खानपानभित्र पर्दछ । तैपनि आजकाल आधुनिकताले मगरहरुले आफ्नो क्षमताले भ्याए सम्म सबै किसिमका खानेकुराहरु आफ्ना भान्छामा बन्ने गरेका छन् ।

## ३.१२ परम्परागत पहिरन

मगरहरुले पहिले पहिले पुवांरको धागो निकालेर त्यसबाट कपडा (भाँग्रा) बुनेर लगाउने गर्थे । लोग्ने मानिसहरु त्यही भाङग्राको गादो र कछाड लगाउने गर्दर्थे आईमाईहरु पनि भाङ्ग्राको गादो र लुङ्गी जस्तै त्यही पुवाबाट निर्मित कपडा लगाउँथे । पछिल्ला समयमा लोग्ने मानिसहरु खाडीको भोटो, कछाड, लङ्गौटी, भाङ्ग्रा र टोपी लगाउँने गर्दथे भने महिलाहरुले पाँगाको गुनियो, चोलो, घलेक र टाउकामा लर्फु (मजेत्रो) लगाउने गर्दथे *(बरालमगर, २०३८, प्र. २०५०, पे. ३१)* । यसका साथै ग्रामिण भेकमा मुख्य कृषी पेशा भएकोले खुर्पेटो र हँसिया भिर्ने चलन छ । कतै कतै पुरषहरु खुकुरी भिर्ने चलन पनि थियो । आजकल आधुनिकता र संचार तथा फेशनको बिकासले संसारका आधुनीक पहिरन मगरहरुले लगाउँदछन तर परम्परागत पहिरनलाई मगरका कार्यक्रमहरुमा लगाउने गर्दछन् ।

मगर समुदायमा गहनाको रुपमा महिलाहरुले मढरी, ढुङ्ग्री, फुली, बुलाँकी, सिरबन्दी, सिर फुल, कुन्डल, रैंया, जन्तर, हम्मेल रानीहार, बाला, कन्ठी आदि लगाउने परम्परागत चलन थियो, यसका आकार प्रकार भने गाउँ ठाउँ अनुसार केही भिन्नता पनि पाउन सकिन्छ । पुरुषहरुले हातमा बालो, कानमा कानमुन्द्री (बीरबल) लगाउने चलन थियो । आजकल आधुनिक समयमा घाँटीमा सिक्री गहनाको रुपमा प्रचलन पनि बढेको छ, यसका साथै आधुनिक गहानाहरु सँग मगर समुदाय परिचित भईसको छ । मगर समुदायमा तिलहरी (काँची) विबाहित तथा अविबाहित दुवैले लगाउने गर्दछन् ।

# ४. लोक संस्कृतीको जगेर्ना र सुधार

मगर समाज भित्र भएका लोक संस्कृतीहरुको संरक्षण गर्न तथा समय सापेक्ष नभएका वा विकृत संस्कृतीहरुको सुधार गर्न आवस्यक छ । मगराँत क्षेत्रमा प्रचलित लोकगीतहरुलाई अलि ब्यवस्थीत किसिमले गायर क्षेत्रिय र भेगीय स्तरमा लोकप्रिय बनाउने कार्यमा बाग्लुङ जिल्ला राङखानीका गोऱ्या श्रीस श्रीसमगरको महत्वपुर्ण योगदान रहेको छ । गोऱ्या श्रीसले १९ औं सताब्दीमा भेगीय तथा क्षेत्रिय स्तरमा लोकप्रिय बनाएको लोक गीतलाई पर्वत पुख्यौली घर भई भाक्सु भारतमा बसोबास गर्ने मीत्रसेन थापामगरले राष्ट्रिय र अन्तराष्ट्रिय चर्चीत बनाएका थिए ( श्रीसमगर, शोधमाला २०६७, पृ २३) ।

लखन थापा विद्रोह, किपट उन्मुलनको प्रसंग लगायतका थुप्रै जनजातीय विद्रोहको ज्वलन्त ईतिहाँस माथी टेकरै 'बाम' र 'प्रजातान्त्रिक' भनिने लोकतान्त्रिक राजनैतिक आन्दोलनको थालनी भएको हो (आहुति, २०६७, पृ ८१) । यस अर्थमा जसरी नेपालमा राजनैतिक सुधार गर्न प्रथम सहिद लखन थापाले दिलोज्यान दिएका थिए । त्यसरी नै मित्रसेन थापा (सिंजाली) मगरको भुमिका महत्वपुर्ण छ । उनले मगर समुदाय लगायत तत्कालिन नेपाली समाजमा भएका विकृतीहरु सुधार गर्न उनका गीतहरु, नाटकहरु रचना गरी समाजलाई प्रगतीको बाटोमा हिंडाउन हिंडेका थिए ।

प्रसिद्ध साहित्यकार ईन्द्रबहादुर राईले उल्लेख गरे अनुसार, गोर्खाली भन्नेहरुको बुद्धि कहिल्यै आउँदैन, यीनीहरुलाई ठीक बाटोमा हिँडाउन कोशिस गर्नु व्यर्थ हो भन्नेहरु अघि पनि थिए, अहिले पनि छन् । समाज र जातीको लागि केही नगरी आफ्नै निम्ती मात्र बाँचेर तिनीहरु मरे । मित्रसेन आफ्नो निम्ती बाँचेनन्, समाज र जातिको निम्ती बाँचे (पृ.४७०, राई इन्द्र सम्पुर्ण ४) । उनी संस्कृतीका संरक्षक मात्र नभई सांस्कृतीक कृषक नै हुन् भन्न सकिन्छ (सायमी, प्रकाश, शोधमाला, २०६७ पृ ७०) । उनलाई तत्कालिन गोर्खाली समाजको कुरीतिहरु, रक्सी, जुवा, फेशन र फजुल खर्चीमा उनको चित्त बुझेको थिएन । यी विसंगतीहरु हटाउनुपर्छ भन्ने चेष्टामा उनले व्यंगात्मक गीत रचना गरेको उदाहरण भेटिन्छ । जस्तै :

*पाँच आना छ कमाई, छ आनाको रक्सी*
*मासु खान पाईन भनी बुढी हेर ठुस्की*
*अमल पुरा नभएमा ज्याने खुस्की*
*साहुसित मन्टो लुकाई हिँड्छन् जुस्की जुस्की*
*अदालतले कुकी गर्दा बल्ल बुढी झस्की*

(राना गुप्तबाहदुर, शोधमाला, २०६२, पृ ३५) ।

बहुप्रतिभाशाली मित्रसेनले समाजमा जाँड रक्सी, जारी, बालविबाह, बहुविबाह जस्ता कुसंस्कृती र भाषा साहित्यमा रहेको साहित्यीक योगदानले तत्कालिन समाजलाई नङ्ग्याईदिएका छन् । जनतामा जागरण र धर्मप्रति प्रेम जगाउने मित्रसेनले लाहुरेको रेलीमाई फेशनै राम्रो, रातो रुमाल रेलीमाई खुकुरी भिरेको जस्ता गीत मार्फत चित्रण गरे । आमजीवनको आपाधापीमा एक-अर्काप्रतिको डाहा ईर्श्यामा रमेको समाजलाई नयाँ सन्देश सनद गरे,

*किन गर्छौ ताना तानी मनमानी*
*दुई दिनको छ जीन्दगानी*

(सायमी, प्रकाश, शोधमाला, २०६७ पृ ७०) ।

उनले तत्कालीन समाज सापेक्ष र सदावहार गीतहरु मात्र रचना गर्ने र गाउने गरेनन्, उनले त थुप्रै निबन्धहरु, थुप्रै नाटकहरु र थुप्रै अनुवादहरु तत्कालिन गोर्खाली समाज, तथा नेपालीहरुलाई छोडेर गए । उनको सामाज र लोक संस्कृतीको बयान यति छोटो लेखमा गर्न सम्भव छैन । उनका बारेमा गरिएका सोधग्रन्थ, उनका कृती आज पनि सबैले एक पटक नजर लगाउनु उचित हुनेछ । जसले उर्जा प्रदान गर्न सक्दछ ।

मगर समुदाय लोक संस्कृतीमा धनी छ, सोही समुदायबाट धेरै मानिसहरु धेरै कामहरु भएका छन् लोक संस्कृतीका सवल पक्षलाई संरक्षण तथा प्रवद्धन गर्ने तथा विकृतीहरुलाई हटाउने कामहरु गर्न जरुरी छ । आफ्नो लागि मात्र होईन समाज र देशको लागि बाँच्ने कार्यहरुलाई मगर समाजमा प्रोत्साहन गर्न जरुरी छ । सृजनाहरुलाई बढावा दिन जरुरी छ । फेरी पनि गोऱ्या श्रीस, मित्रसेन थापामगरहरु जन्माउनु र हुर्काउनु मगर समुदायको जिम्मेवारी छ ।

## ५. एकताको आधार लोक संस्कृती

लोक संस्कृती र संस्कार समुदायको रहन सहन तथा पर्यावरण सँग सम्बिन्धीत हुन्छ । मगर समुदायको लोक संस्कृतीहरु पनि विगत लामो समयदेखि मगरहरुले अभ्यास गर्दै, सुधार गर्दै, बाह्य संस्कृतीको प्रभाव पर्दा पर्दै जोगाएर राखेको पाईन्छ । यसले मगर समुदायहरु बीच एकता कायम गरेको पाईन्छ । मगर समुदायमा पाईने लोक गीत, लोक नाचहरु मगरहरुमा आत्मियता थपेको छ ।

साभ्रान्त मगरहरु थर परिवर्तन गरी क्षेत्री वा ठकुरी बन्ने कुरा विगत र वर्तमानमा कुनै नौलो होईन । अर्कोतर्फ मगरहरुलाई एक आपसमा बझाउन अठार पन्थी, बाह्र पन्थी, गाई खाने र नखाने मगर, पुर्वेली मगर र पश्चिमे मगर, उत्तरी मगर र दक्षिण मगर, काला मगर र गोरा मगर आदि विभाजन गरेको पाईन्छ । यसका अलवा कुनै थरहरुलाई छुट्टै जात भनि उचाल्ने, नभएका मिथकहरु जोडेर सोझा मगरहरुको चेतनामा गोबर भरिदिने गरेको पनि पाईन्छ । मगर फुटाउन "फुटाउ र राज्य गर" नीति अपनाएका मिशनरी तथा स्वदेशी/विदेशी शासकहरुले कनिका छर्ने गरेको प्रशस्त उदाहरणहरु पाईन्छ । विद्वानहरुले आफ्ना पी.एच.डी. अनुसन्धानहरुमा कुनै थरलाई छुट्टै जात हो भनि नलेखिदिएका होईनन् तर पनि लोक संस्कृतीले आजसम्म मगरहरुलाई समीप्यमा राखेको छ ।

अवस्य लोक संस्कृतीलाई पयोवरण र स्थानीयताले प्रभावमा पार्दछ तर पनि मगर समुदायको लोक संस्कृती र संस्कारमा छरिएर रहेका सबै मगरहरुमा धेरै समानता पाउन सकिन्छ । यहि भएर आत्मीयता बोध भएको हो । आज "भाई फुटे गवाँर लुटे" बनाउन लागि परेको नेपालको सामान्त वर्ग मगरहरुलाई अलमलाउन उनीहरुको लोक संस्कृती लाई रीमिक्स गरेर प्रस्तुत गर्दैछन् । अर्को अर्थमा नेपालका शासक वर्ग र अभिजात वर्गले मगर समुदायका गीत, संगीत, नाच, लोक नाटकहरुलाई प्रसारण गरेका छैनन्, बरु त्यसमा रीमीक्स थपेका छन् । यसमा मगर समुदाय सचेत हुन जरुरी छ । भनिन्छ कुनै जातिलाई मास्नु छ भने पहिले त्यस जातिको भाषा र संस्कृती मास्नु पदर्छ । यहि रणनीतिको हामी शिकार हुन सक्ने सम्भावना छ ।

आजको विज्ञान र प्रविधीको युगमा पश्चिमीकरण, संस्कृतीकरण, विश्वब्यापीकरण ले गाँजेर परनिर्भरता सृजना गरेको अवस्थामा हाम्रो लोक संस्कृती डगमगाउन थालेको छ । यहि भएर मगरहरुमा पनि कनिका बुक्याउने मानिसहरु जन्मिन थालेका छन । यस्तो अवस्थामा हामीले हाम्रा संस्कृती संस्कारलाई प्रचार प्रसार तथा सुधार गरी मगर लगायत सम्पुर्ण सबै नेपालीलाई एकताको सुत्रमा बाँध्न जरुरी छ । सञ्चारका माध्यममा हाम्रा लोक संस्कृती लैजान र प्रसारण गर्न आजदेखि सबै लाग्नुपर्दछ । मान्छे आफ्नो लागि जसरी पनि बाँच्दछ तर समाजको लागि बाँच्ने प्रयाश पनि गर्न जरुरी छ, मित्रसेन थापामगर, लखन थापामगरको जस्तै ।

## ६. मगर लोक संस्कृती कमीकमजोरी

लोक संस्कृतीमा पनि विकृतीहरु अवस्य हुन्छन्, समय समयमा यसमा क्रान्ति ल्याउन कामहरु पनि भएका हुन्छन् । (क) संस्कृतीका नाममा जाडरक्सीको दुरुपयोग हुनु (ख) नाचगान वा रमाईला पर्वहरुमा मात्र भुलेर किशोर किशोरीहरुले पढाई बीचैमा छोड्नु, (ग) बाल विबाह ( घ) किशोर/किशोरीहरु शारिरीक शोषणका शिकार (ङ) फजुल खर्च (च) स्वदेशमा बस्ने भन्दा विदेशीने संस्कृतीको विकास (छ) कमजोर चेतना आदि मगर समुदायको लोक संस्कृतीबाट उब्जेका कमीकमजोरी हुन् ।

संस्कृती भनेको परम्परा मात्र नभएर नवीनता र वर्तमान पनि हो । यसकारण त्यसमा निहित खराब पक्षहरुलाई हटाउँदै समय सापेक्ष परिष्कृत गराईनु पर्ने हुन्छ । युग अनुकुल परिवर्तन हुन नसक्दा कालान्तरमा संस्कृतीको अस्तित्व लोप हुन सक्छ । मौलिकतालाई कायम राख्दै रुपान्तरण गर्न सक्नुपर्छ (श्रीस, शोधमाला, २०६७ पृ. २४-२५) । हाम्रा लोक संस्कृतीमा रहेका नाचगान, लोक कथा, नाटक आदि साहित्यीक विधाहरुलाई व्यवसायीक बनाउनु पर्दछ, प्रतिलिपी अधिकार लिनु पर्दछ, नत्र हाम्रो संस्कृतीको प्रतिलिपी अधिकार अभिजात वर्ग वा विदेशीको हातमा पुग्न के बेर ? अनि हामी नै हराउन के बेर ?

## ७. मगर लोक संस्कृतीको परिवर्तन

समाज परिवर्तनशिलन र गतिशिल छ । मगर समुदाय पनि परिवर्तनको नियमबाट बाहिर रहन सक्दैन । मगर समुदायका लोक संस्कृतीमा संस्कृतीकरण (sankritzation), पर संस्कृतीग्रहण (acculturation), साँस्कृतिक विस्तार (Diffusion) र राज्यको सनातन हिन्दु बर्णाश्रम वर्ग विभाजनको चेपमा फसेर थुप्रै पटक परिवर्तनहरु भई सकेका छन्, ईतिहाँसमा । यहि भएर मगर लोक संस्कृती (१) बौद्ध संस्कृती, (२) प्रकृती पुजारी/आत्मबाद (animism) र कुल प्रतिक (toteism), तान्त्रीक झाँक्रीबाद (shawmanism), र (३) हिन्दु संस्कृतीको अस्तित्वको मिश्रण पाईन्छ । यसरी धेरै पटक परिवर्तहरु हुँदै आजको अवस्थामा मगर संस्कृती छ ।

आज पनि मगरहरुले निर्माण गरेको लोक संस्कृती पनि परिवर्तनको संघारमा उभिएको छ । आजकल युवा जमातको शहर वा विदेश पलायन, बैदेशिक रोजगार, बसाई सराई, कृषी उत्पादन पेशामा कम मोह, परनिर्भरता, राज्य सत्तादेखि बाहिर आदि कारणहरु मगर संस्कृती परिवर्तनका मुख्य कारणहरु हुन् । यसलाई आधुनिकता, विश्वव्यापीकरण, विज्ञान र प्रविधीको विकास, सञ्चार माध्यम र सञ्चार प्रणालीको विकास आदि एकै पटक थोपरीएको कारणबाट सो कुराहरुमा पहुँच नपुगेको कारणबाट मगर लोक संस्कृतीको लोप हुन सक्ने खतरा बढेको छ ।

बाह्य संस्कृतीको प्रभाव, मिडीयामा मगर संस्कृतीको श्रब्य दृष्य सामाग्रीहरुको पहुँच पुऱ्याउनु नसक्नु, श्रव्य, दृष्य, छापामा मगर संस्कृतीको स्तरीय सामाग्रीहरु उत्पादन गर्न नसक्नु आदि पनि मगर संस्कृतीको मृत्यु हुन सक्ने कारणहरु हुन् ।

आज मगर संस्कृतीमा रहेका झाम्रे, चुड्का आदिलाई रोईला र भजनका गीतहरुले विस्थापन गरिरहेका छन्, किनभने मिडीयामा तिनैको बाहुल्य छ । त्यस्तै गरि अन्य गीतहरुमा पनि रीमीक्स भएका छन् । घाँटु, मारुनी (सोरठी, कर्हाङ नाच, पाङ्दुरे), भुम्या, कौर्हा आदि गीती नाटकहरु हराउँदै जान थालेका छन् । पश्चिमा पङ्क, रक, आधुनिक गीत, डिस्को नाचहरुले स्थान लिईरहेका छन् । मगर गाउँहरुमा भएको सृजना आज भेट्न गाहारो बन्दै गईरहेको छ । धेरैले मादल, बाँसुरी आदि जस्ता परम्परागत बाजा गाजा बजाउन जान्दैनन् । युवा पुस्तामा आधुनिक विदेशी चलचित्रहरु तथा अस्लिल चलचित्र आदिले प्रवेश पाएको छ । आधुनिक ड्रम सेट, गितार, कम्प्युटरबाट बनाईएका संगीतहरु आदि पनि मगर समुदायमा प्रवेश गरिसकेको छ ।

मगरका पुजाआजा र चाडपर्वहरु पनि आज हराउँदै गईरहेको छ । आज हाम्रो समाजमा अँग्रेजी नयाँ बर्ष, क्रिसमस, वर्थ डे, भ्यालेन्टाईन डे लगायत पश्चिमा चाडहरु भित्रिएका छन् । मगर गाउँहरुमा खेलीने छेलो/ठेलो खेल, धनुँकाड खेल जस्ता आदि खेलहरु हराउँदै गईरहेका छन् । मगर समुदायमा शिक्षा लिन गाहारो हुने कारण देखाउदै आफ्ना बच्चाहरुलाई मगर भाषा नसिकाएर अँग्रेजी वा नेपाली सिकाउने प्रचलनले मातृभाषा पनि हराउने खतरा छ ।

संस्कृतीकरण (sanskritization) र विगतको वर्णाश्रम वर्ग विभाजनमा आधारीत सामान्ती राज्य ब्यवस्थाले अत्याधीक शोषण गरेको मगर समुदायको लोक संस्कृतीमा आज फेरी लोक बौद्ध संस्कृतीको पनि पुनःजागरण भएको छ, र केही मगरहरुमा मातृभाषा सिक्ने, सिकाउने कार्यहरु पनि भएका छन् तर कछुवा गतिमा, दौडीरहेको घोडा भेट्न लङ्गडो मानिस कुदे जस्तै गरी । अर्कोतर्फ ग्रामिण, पिछडीएका, अवसर विहीन मगर समुदायमा भने क्रिश्चियन संस्कृतीको प्रवेश भएको छ ।

## ७. निश्कर्ष र सुझावहरु

लोक संस्कृतीले कुनै पनि समुदायको जीवनशैलीलाई बुझाउँदछ । यो ऐतिहासिक रुपमा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रुपमा हस्तान्तरण भएको हुन्छ, । कुनै पनि आदिबासी/जनजाति वा जाति हो भनि प्रमाणित गर्ने कुराहरुको समग्र नै लोक संस्कृती हो ।

मगरहरु भारतीय महादिपका प्राचिन जातिहरु हुन् । नेपालको सन्दर्भमा जनसंख्याको हिसाबमा तेस्रो धेरै जनसंख्या भएको र आदिवासी जनजातिहरु मध्ये बढी जनसंख्या भएका *(CBS 2001)* मंगोलीयन शारीरिक बनावट भएको जाति हो । यिनिहरुको आफ्नै मातृभाषा छ, जसलाई टिबटीयन-बर्मेली भाषीक बर्गमा बर्गिकरण गरिएको छ *(Dr. Harka Gurung, 1998, P 66)* मगरहरुको आफ्नै छुट्टै लोक संस्कृती छ । मगरहरुको मुख्य बासस्थान गण्डकी र राप्ती क्षेत्र भए पनि नेपालका सबै जिल्लामा र भारतको आसाम, ग्वाहाटी, सिक्कीम लगायत अन्य ठाउँहरु, भुटान आदि थुप्रै ठाउँमा आदिबासीका रुपमा भने आधुनिकतासँगै संसारभरी नै छरिएर रहेका छन् । नेपालमा मगरहरुको जनसँख्या १६,२२,४२१ र ७.१४ प्रतिशत छ (CBS 2001)।

मगर समुदायमा तीन वटा मगर भाषाहरुको अस्तित्व छ जस अनुसार (१) मगर ढूट (२) मगर खाम/पाङ (३) मगर काईके । कुनै कुनै विद्वानहरु मगरलाई पाँच प्रकारका भनेर मान्छछन्, उहाँहरु ब्याङ्सी भाषा र मीजु महर भाषालाई पनि मगर भाषाको शाखा मान्दछन् । मगर भाषीहरुको जनसंख्या ७,७०,११६ छ । तर यसमा मगर ढूट, र मगर खाम/पाङ छुट्याईएको छैन, काईके मगर भाषा बोल्नेहरु ७९४ छन् । मगर भाषा बोल्नेको जनसंख्या ३.३९ प्रतिशत हो भने कुल मगर जनसंख्याको ४७.५१ प्रतिशत हो ( टी.बी. पुनमगर, २०६७, पे.८) । पश्चिमाञ्चल मगर ढूट भाषा बोल्नेहरुको घना वस्ती भएको ठाउँ हो । पश्चिमाञ्चलमा मगरहरुको जनसंख्या 16.43% अर्थात 7,50,960 छ । यस जनसंख्यामा ४,०२,२९९ जनाले मात्र मगर ढूट बोल्ने गर्दछन् (श्रीस, २०६६ पे.५) । मगर खाम/पाङ भाषा मुख्य गरी रुकुम, रोल्पामा बोलिन्छ, आजकल बसाई सराईले देश भरी नै फैलिएको छ ।

मगर मातृभाषा मगर जातिको कुल जनसँख्या १६,२२,४२१ मध्ये ७,७०,११६ अर्थात ४७.५१ प्रतिशतले मात्र बोल्दछन् (CBS, 2001) र बाँकी ५२.४९ प्रतिशत मगरहरु मातृभाषा बोल्न छोडीसके । यसले के देखाउँदछ भने यो मगर मातृभाषा छिटो छिटो मृत्यको बाटोमा कुदिरहेको छ ।

मगर समुदायमा संस्कारजन्य (ritual) संस्कृती आफ्नै प्रकारको छ जुन अरु जाति भन्दा भिन्न छ । मगर समुदायको आफ्नै प्रकारको मिथक, लोक कथाहरु, लोकगीतनाचहरु, लोक बाजाहरु, परम्परागत पहिरन, खानपान, चाडपर्व, पुजाआजा, रहन सहन छ, जसले आदिबासी जातिको बारेमा प्रमाण पेश गर्न सक्दछ ।

मगर लोक संस्कृतीले पनि आधुनिकता, विज्ञान र प्रविधी तथा सञ्चारको प्रभाव, बढ्दो परनिर्भरता, विश्वब्यापीकरण, संस्कृटाईजेसन, पश्चिमीकरण तथा अन्य संस्कृतीको प्रभावले गर्दा, बसाई-सराई, तिब्र शहरीकरण, बैदेशिक रोजगार जस्ता आदि कारणहरुले गर्दा संस्कृती परिवर्तनको संघारमा छ । यो परिवर्तन लोप हुने दिशामा छ । यसतर्फ सबै सचेत हुनु पर्दछ, नत्र राज्यको एक सम्पदा गुम्नेछ, समय अनुकुल परिवर्तन गरि मौलिक पन जोगाउन लाग्नुपर्ने खाँचो छ ।

यस अध्ययनको कममा भेटीएका तथ्यहरुको आधारमा मगर समुदायको लोक संस्कृतीको संरक्षण, प्रवद्धन र समायानुकुल बनाउन निम्न सुझावहरु गर्न सकिन्छ ।

(१) मगर लोक संस्कृतीलाई जोगाउन मगरहरुको राज्यमा पहुँच बढाउनुपर्दछ । स्थानीय स्तरका सरकारी तथा गैर सरकारी कार्यलयहरुमा स्थानीय मगर समुदायको पहुँच बढाई र स्थानीय उत्पादनलाई बढाई रोजगारी र आम्दानी बढाउने कार्यक्रम लागु गर्नुपर्दछ ।

(२) लोपोन्मुख लोक गीत, संगीत, नाटक, नाच आदिलाई राज्यले श्रब्य, दृष्यका साधनमा निर्माण गरेर सञ्चार माध्यममा प्रसारण गराउनुपर्दछ । मिडियामा विभेद हटाउनु पर्दछ ।

(३) मगरका लोकसंस्कृती सम्बन्धी स्तरीय चलचित्र, डकुमेन्ट्री र श्रब्यदृष्य सामाग्रीहरु बनाउन जरुरी छ ।

(४) मगर लोक संस्कृतीलाई ब्यवसायीक बनाउँनु पर्दछ । मगर गाउँ तथा बस्तीहरमा पर्यटकहरुलाई भित्राएर लोक संस्कृतीको प्रदर्शन गर्न जरुरी छ । यसले स्थानीय स्तरमा रोजगारी सृजना गर्नुका संस्कृतीको संरक्षणमा मद्दत पुग्दछ ।

(५) मगर संस्कृतीमा भएका विकृतीहरु, असान्दर्भीक कुराहरु, अन्धविश्वासहरु हटाई समय सापेक्ष, प्रगतीशिल संस्कृतीको विकास गर्न सबै लाग्नु पर्दछ ।

(६) मगर संस्कृतीको रुपमा रहेको मातृभाषालाई जोगाउन, लेखन तथा पठनलाई प्राथमिकता दिनु पर्दछ । कृतीहरु प्रकाशन गर्न राज्यले पनि सहयोग गर्नुपर्दछ । समुदाय आँफैले पनि कृतीहरु प्रकाशन गरिरहनु पर्दछ ।

(७) नेपाल सरकारले तयार पारेको मातृभाषा शिक्षा (MLE) निर्देशिकामा शुरक्षित गरिएको मातृभाषी बालबालिकाको अधिकारको प्रचार गर्नुपर्दछ । उनीहरुलाई स्कुल पुऱ्याउन मगर भाषामा शिक्षा प्रदान गरि ज्ञानको अन्य भाषामा स्थान्तरण गर्नुपर्दछ । यदि यस्तो लागु भएमा मगर गाउँमा पढाउन मगर भाषा जान्ने शिक्षकहरुको आवस्यक पर्दछ, यसले स्थानीय स्तरमा रोजगारी सृजना पनि हुन सक्दछ यसर्थ यस कार्यमा मगर समुदायले आन्दोलन नै चलाउनु जरुरी छ ।

(८) नेपाल सरकारले स्थानीय निकायका अड्डा अदालत, सरकारी कार्यलयहरुमा मातृभाषामा निवेदन, जाहेरी, लिखत, उजुरी दिन सक्ने र सो मातृभाषामा काम कारबाही भई सेवाग्राहीले सेवा पाउने कुराको कानुनी ब्यवस्था गरेको छ । यसलाई पनि मगर समुदायमा प्रचार गर्नुपर्दछ । मातृभाषाको संरक्षण पनि लोक संस्कृतीको संरक्षण हो ।

(९) मगर भाषालाई विषय र माध्यमको रुपमा पढाउन अभिजात वर्ग वा राज्य सँग संघर्ष गर्दै जानुपर्दछ । विश्वविद्यालयमा तत्काल बिषयको रुपमा पढाउनको लागि मगर संघ लगायत अन्य मगर सम्बन्धी काम गर्ने संस्थाहरुले आन्दोलन गर्न जरुरी छ । किन भने विश्वविद्यालयमा पढाउन सक्ने गरी मगर भाषाहरुको साहित्य तथा सन्दर्भ ग्रन्थहरुको विकास भैसकेको छ ।

(१०) लोक संस्कृती सम्बन्धी, मातृभाषा सम्बन्धी प्रतियोगिता गर्नु पर्दछ । पुरस्कारको स्थापना गर्नुपर्दछ । यसमा सम्पन्न मगरहरु लाग्नु पर्दछ । आफ्ना प्रियजन वा आफन्तको सम्झनामा अलिकति खर्च छुट्टयाएर पुरस्कारको स्थापना गर्नुपर्दछ । यसले एकातिर मगर भाषा साहित्य, लोक संस्कृतीको विकास गर्छ भने अर्कोतर्फ आफन्तको सम्झना पनि गराउँदछ । पुरस्कार स्थापना गर्न सरकारले पनि सघाउनु पर्दछ ।

(११) मगर भाषा, साहित्य तथा मगरका लोक संस्कृतीमा काम गरिरहेका विद्वानहरुलाई नेपाल सरकारले बाँच्ने माध्यमको जोहो गरिदिनुपर्दछ । विद्वतवृतिहरु प्रदान गर्नुपर्दछ । अर्कोतर्फ मगर समुदायको बस्तीमा पर्यावरण तथा भौगोलिक अवस्थाको विविधताले गर्दा लोक संस्कृतीहरुमा केही विविधता (few diversities) छ । यस विविधतालाई अध्ययन अनुसन्धान गरि के कस्ता कुराहरुमा समानता छ, के-कस्तो कुरा कहाँ किन फरक छन् र कसरी भए आदि कुराहरुको अध्ययन अनुसन्धानहरुको कार्य समेटी मगर लोक संस्कृतीको प्रोफाईल तयार पार्नुपर्दछ । यसले एक-अर्कालाई बुझ्न सहयोग गर्दछ । र देश विकासका लागि एकता हुन मगर समुदायमा भावना प्रष्फुटन गराउन सक्दछ ।

(१२) मगर समुदायमा रहेका लोक कथाहरु, मिथकहरु मगरहरुले नै संकलन गरि प्रकाशन र प्रशारण गरिनुपर्दछ । यसको चोरी हुन दिनु हुँदैन । यसमा मगरका सबै संघ संस्थाले खवरदारी गर्दै धुर्त बाह्य विद्वानहरुलाई निरुत्साहित गर्नुपर्दछ । यसको प्रतिलिपी अधिकार मगरहरुमा जानुपर्दछ । आज नेपालमा थुप्रै एन.जी.ओ./आईएनजीओ का माध्यमबाट प्रतिलिपी अधिकार बाहिर निर्यात हुँदैछ ।

(१३) नेपाल सरकारबाट मगर भाषा, साहित्य र लोक संस्कृती सम्बन्धी संरक्षण तथा प्रबद्धनका काम गर्न, अध्ययन तथा अनुसन्धानका कार्य गर्न एउटा छुट्टै मगर सम्बन्धी स्वायत्त प्राज्ञिक संस्था खोलिनु पर्दछ ।

## र अन्तमा ................

राष्ट्रिय एकताको लागि सबैलाई बराबर अवसर प्रदान गर्न जरुरी छ, कसैलाई काखापाखा गर्न मिल्दैन । जसरी मगर समुदायको भोज भतेर वा परिवारमा ठूला साना सबैलाई बराबर र गर्भवती महिला भए डबल भाग (पुङ) दिने गरिन्छ त्यस्तो समाजबादी वितरण प्रणाली हुन जरुरी छ । अर्कोतर्फ बहु भाषिक, बहुसांस्कृती समाजमा एकले अर्कोको बारेमा बुझ्न सरकारी तहबाट बहुभाषीक शब्दकोश, बहुसांस्कृतीक सामाग्रीहरु निर्माण गरी र निःशुल्क वितरण गर्न पनि जरुरी छ ।

मगर लोक संस्कृती लामो ईतिहाँस बोकेको आदिबासी जाति मगर समुदायको मौलिक सम्पती हो । भाषा, संस्कृती देशको सम्पती हो । राज्यले आफ्नो सम्पती जोगाएर राख्नु पर्दछ । राज्यले यसको संरक्षण गर्दैन भने मगर समुदाय चुप लागेर बस्नु हुँदैन, राज्यलाई झकझकाउनु पर्दछ, मगर भाषा, लोक संस्कृती बचाउनका खातिर, राज्यको साँस्कृतीक सम्पती बचाउनका खातिर ............।

जीलौ/धन्यबाद ।

## ८. सन्दर्भ समाग्रीहरु


*Aahuti, 2067 BS : Nepalma Barnabyabastha ra Barga-sangharsha, Published by Samata foundation Ktm.*
*Baralmagar, Kesharjang, 2050 BS : Palpa. Tanahun ra Syangjaka Magarharuko Sankriti, Published by Royal Nepal Academy ktm.*
*Bista, Dorbahadur, 2055 BS: Sabai Jatako phulbari, 2055 BS,7th edition, Published by Sajha Prakashan Lalitpur*
*Buramagar, Harhabahadur & Rokemagr, Gopalbdr 2060 BS :"Magar culture" with in Nepalese culture: Different Dimensions, Royal Nepal academy.*
*Bhattarai, Gyaneswar : Brihat gyankosha 25th edition 2066 BS, KTM*
*Central Bureau of Statistics 2001 : Population Census 2001*
*Chemjong, Imansing 1967 : History of culture of Kirat people, KTM*
*Gurung, Harka, 1998 AD : Nepal Social Demography and Expectations, Published by New Era KTM.*
*Gurung, Harka, 2001AD :Social Demography of Nepal census 2001, Himal books, Kathmandu.*
*Gurung, Harka, 2006 AD : Janjati Serophero, Published by Nepal Adibasi janajati Mahasangha KTM*
*Gurung, Gopal 1992 AD : Ranjitima Adhekha Sachaiharu, KTM*
*Hamilton, F.B., 1815 AD: An Account of the Kingdom of Nepal, 1815 AD UK, Reprint 1997, Delhi India*
*Kirkpatrik, William J. 1973 AD : An Account of Tha kingdom of Nepal, Published by Rupa Co India, 2007 AD. Lapha, Sanjog, 2067BS : Magar Sahityako Biksas, KTM*
*Mishra, Dilliram, 2057 BS: Nepal Adhirajyama Tanahun, Published by Sharmila Mishra.*
*Paul Bahannan and Mark Glazen, 1998 AD: High points in Anthropology, 2nd edition, New Work.*
*Punmagar, Mejan 2066 BS : A study of Pun Magar, KTM*
*Pun Magar, TB 2066 BS : Hami Magar, Butwal*
*Ritzer, Goerge 2000AD : Sociological Theory, 5th edition New Work*
*Sinjali, BK 2007 : Health Awareness Among Rural Magars towards Communicable Diseases (A Case Study of Kotdarabar VDC of Tanahun District)*
*Shrismagar, Min 2066 BS : Paschimanchal Bikas Chhetraka Magar Samudayama Prachalit Lokgit nrityako Bartaman Abastha ra chunautiharu, Published by Magar Study Centre Ktm*
*Tanahun District), TU Dissertaion for MPA Degree KTM.*
*Thapamagar, Lokanesh 2057 BS : Eitihasik pristhabhumima pratham sahid lakhan thapamagar, Butwal*
*Thapa, Khildhoj, 2036 BS : Magar jati Ek aitihasik ruprekha, Serophero barsa 1, anka 1, Falgun 2036 BS, p.7-8.*
*Tuker, Francies, 1957 Gurkha : the story of the Gurkhas of Nepal country 1957*
*Thapa, Hirasing, 2007AD: Magar through the age (Magar Hostory) (Manuscript)*
*Thapa, M S 2049 BS : Prachin Magar ra Akkha Lipi.*
*Thapa, Hirasing, 2066 BS: Magar (Dhut)-Khas- English Dictionary*
*Tamang, Sitaram 2061 BS : Nepal Samaj Bikasko eitihasik bhautik nirupan, KTM*
*Udas (pokhareli), Dr, Gehendra man …. : Nepalka adibasi janajatima hindukaran, KTM*
*Ukyab, Tamil &Adhikari, Shyam 2000 AD: The nationalities of Nepal, published by HMGN Ministry of Local development, Ktm*
*Wright, Daniel 1877 AD : History of Nepal, Published by Rupa Co India 2007 AD.*

**Newspaper & Journals**

*Sodhmala, 2062 & Sodhmala 2067 (A journal of Magar Studies Centre)*
*Smarika Mitrasen Pratisthan, Different Serials.*
*Poon hill, 2063 Pokhara.*
*Kanung Lam, Monthly newspaper Kathemandu, Different serials*
*Gorakhapatra, Kantipur Daily Different Serials*
*Hamro Bharse, 2063 serial 1, (editor Min shreesmagar)*
*Occasional Papers In Sociology and Anthropology, Different Serial related to Magar,Published by TU, Central Department of Sociology & Anthropology, KTM)*
*Langhali (Published from Pokhara) different Serials*


**मुख्य सुचना दाताहरू**

(१) बम कुमारी बुढामगर (मगर अधिकार कर्मी/समाजसेवी)
(२) नारायण तारुङ (बैरागी नाटामगर), तनहुँ ।
(३) कर्णबहादुर बुढामगर (रुकुम)
(४) एच.बी. थापा (खाममगर) (दाङ)
(५) दल बहादुर राना (निबुवा खर्क-९ ग्वादी, स्याङ्जा)
(६) यम सिंजालीमगर, (साखा-अधिकृत, नेपाल सरकार)
(७) मीन श्रीस, (विद्यार्थी पीएचडी)
(८) श्यामु थापामगर (लेक्चरर, त्रि.वि.वि, विद्यार्थी पीएचडी)
(९) युवराज थापामगर (खोटाङ)

**websites**

www.wikipedia.org
www.magarstudiescenter.org
www.magar.org
www.rajyasatta.com
www.joshuaproject.net


bishnusinjali@hotmail.com, /©Bishnu kumar sinjali 2011